श्री ५ को सरकार

# खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मेची अन्चल, ईलाम जिल्ला, फिक्कल गा. पं. अन्तर्गत निम्न वार्ड नं. मा पर्ने निम्नलिखित जग्गा अलैंची खेती गर्नको लागि प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीहरूले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

वार्ड नं. ४ (क) मा पर्ने पूर्व मगरे खोल्सी, पश्चिम पानदाम खोला, उत्तर तेर्सो बाटो, दक्षिण दोभान यति चारकिल्लाभित्रको कि. नं. १३७ को १८–१–०–३ पूरै, कि. नं. १४० को १४–४–१–२ पूरै, कि. नं. १६२ को १०–७–२–२ पूरै, कि. नं. १६५ को १०–१२–१–२ पूरै, कि. नं. १६६ को २१–२–३–० पूरै, कि. नं. १३६ को ५–७–३–३ पूरै, कि. नं. १४१ को ७–७–३–३ पूरै, कि. नं. १४२ को ३–४–२–० पूरै, कि. नं. १४३ को ३२–१–३–३ पूरै, कि. नं. १४४ को ३८–९–२–० पूरै, कि. नं. १६३ को २१–२–१–३ पूरै, कि. नं. १६४ को २७–१५–१–० पूरै समेत जम्मा जग्गा २१०–१२–३–१ (दुई सय दश रोपनी बान्ह आना तीन पैसा एक दाम) को मालपोत रू. २३५।६२ (दुई सय पैंतीस रूपैयाँ बासट्ठी पैसा) लागेको कित्ता ।

वार्ड नं. ५ (च) मा पर्ने पूर्व पोखरी खोलो, पश्चिम मगरे खोल्सो, उत्तर तेर्सो बाटो, दक्षिण दोभान यति चारकिल्लाभित्रको कि. नं. ४६ को ८–१५–२–१ पूरै, कि. नं. ४७ को ५–४–०–० पूरै, कि. नं. ४८ को ५३–२–३–० पूरै, कि. नं. ५४ को २–९–०–३ पूरै, कि. नं. ४९ को १०–०–२–२ पूरै, कि. नं. ५३ को ४१–२–३–२ पूरै, कि. नं. ५५ को १–१३–३–२ पूरै, कि. नं. ५८ को ११–१३–१–० पूरै, समेत जम्मा जग्गा १३४–१४–२ (एक सय चौंतीस रोपनी १४ आना दुई दाम) को मालपोत रू. १९९।६४ (एक सय उनान्सय रूपैयाँ चौसट्ठी पैसा) लागेको कित्ता ।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

25C